# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, भदौ १६ गते २०४६ साल (अतिरिक्ताङ्क २९

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट असंलग्न राष्ट्रहरूको नवौं शिखर सम्मेलन तथा फिनल्याण्डको राजकीय भ्रमणमा सवारी होइबक्सनुअघि वि. सं. २०४६ साल भदौ १६ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज हामी हाम्रा बडामहारानीका साथ युगोस्लाभियाका राष्ट्रपति महामहिम यानेज द्रनामसकाको निमन्त्रणामा असंलग्न राष्ट्रहरूको नवौं शिखर सम्मेलनमा भाग लिन बेलग्रेडतर्फ प्रस्थान गर्दैछौं । यस सम्मेलनपछि हामीले फिनल्याण्डका राष्ट्रपति महामहिम डा. माउनो कोइभिस्तोको निमन्त्रणामा फिनल्याण्डको राजकीय भ्रमणमा जाने कार्यक्रम मिलाएका छौं । यस सिलसिलामा हामीले बाटामा पर्ने केही मित्रराष्ट्रहरूको पनि भ्रमण गर्नेछौं ।

२. अट्ठाईस वर्षअघि बेलग्रेडबाट थालनी भएको असंलग्न आन्दोलनको शिखर सम्मेलन यस पटक पनि फेरि त्यहीं हुन लागेकोले यस सम्मेलनको आफ्नै महत्व छ। विक्रम सम्वत् २०४३ मा जिम्बाब्वेको राजधानी हरारेमा सम्पन्न भएको आठौं शिखर सम्मेलनले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस आन्दोलनको पच्चीस वर्ष पूरा गरेको अवसर मनाएको थियो भने वर्तमान शिखर सम्मेलनले आफ्नो जीवनको एकचरण पूरा गरेकोले आफ्नै किसिमको महत्त्व राख्दछ। त्यसैले हामीले यस आन्दोलनको सबै पक्षमाथि पुनरावलोकन गर्दै वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति अनुसार यसका सबै सदस्यराष्ट्रहरूको आकाँक्षाअनुरूप यसलाई अगाडि बढाउने उपायहरूको खोजी गर्नुपर्ने बेला आएको छ। हाम्रो परराष्ट्र नीतिका उद्देश्यहरू असंलग्न आन्दोलनका सिद्धान्तबाट निर्देशित छन्। त्यसैले असंलग्न राष्ट्रहरूको सबै तहका सम्मेलनमा नेपालले भाग लिंदै आएको छ र यही सन्दर्भमा हामी बेलग्रेडतर्फ जान लागेका छौं।

३. असंलग्न शिखर सम्मेलन सदस्यराष्ट्रहरूका राष्ट्राध्यक्ष एवं सरकार प्रमुख-हरूका लागि आपसी भेटवाट र पारस्परिक सम्पर्कलाई नवीकरण गर्ने थलो पनि हो। यसैले सधैं झैं यसबखत पनि द्विपक्षीय विषयहरूमा विचार विमर्शका लागि यस अवसरको हामी सदुपयोग गर्नेछौं।

४. बेलग्रेडबाट हामी फिनल्याण्डको राजकीय भ्रमणको लागि हेलसिन्कीतर्फ प्रस्थान गर्नेछौं। उत्तरी यूरोपमा अवस्थित फिनल्याण्डले तटस्थताका माध्यमबाट आफ्नो सार्वभौमिकता तथा स्वतन्त्र व्यक्तित्व जगेर्ना गर्नमा हासिल गरेको सफलतासँग नेपाल परिचित छ। फिनल्याण्डमा रहँदा त्यहाँका राष्ट्रपतिका साथै अन्य नेताहरूसँग हुने फलदायी विचारहरूको आदान-प्रदानबाट हाम्रा दुई मुलुकहरूबीच विद्यमान सुखद सम्बन्धलाई अझ सुदृढ गर्न योगदान मिल्ने तथा सहयोगका क्षेत्र अझ फराकिलो हुने हामीले विश्वास लिएका छौं।

५. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्नेनै छ। आशा छ, देशको वर्तमान परिस्थितिलाई ध्यानमा राखी समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा अ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८